# नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
**Nepal Federation of Indigenous Nationalities (NEFIN)**
**Secretariat of Federal Council**

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: nefen@wlink.com.np
info@nefin.org.np
Website: www.nefin.org.np


नेपाल आदिवासी जनजाति महासंघ स्था.२०४७ संघीय परिषद्को सचिवालय

मिति : २०७३ पौष १८ गते

**श्री अध्यक्ष ज्यू ।**
**गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोग**
**बबरमहल, काठमाण्डौं**

**विषय : ज्ञापन पत्र**

आयोगले हालसम्ममा गरेका स्थानीय तह पुनर्संरचनाका खाकाहरु खास गरी आदिवासी जनजातिहरुको थातथलोमा बनाइएका न.पा, गाउँपालिका र वडा विभाजनमा आदिवासीहरुको चाहना र सरोकारलाई विल्कुल नजर अन्दाज गरी उनीहरुको जनसंख्याको सघनतालाई फुटाएर अल्पसंख्यक बनाई राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा गम्भीर र दिर्घकालीन असर पार्ने कार्य गरेकोमा नेपाल अदिवासी जनजाति महासंघको गम्भीर ध्यानाकार्षण भएको छ ।

नेपाल पक्ष राष्ट्र रहेका अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं १६९ को धारा ६ र ७, आदिवासीहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र को धारा ३, ४, १८ र १८ बमोजिम सहभागिता, परामर्श र मञ्जूरी लिएर मात्र स्थानीय निकायको खाका बनाउन पर्ने साथै अन्तरिम संविधानको धारा १३८ (१) क, आदिवासीहरुसँग सरकारले गरेका पटक-पटकको सम्झौता तथा राज्य पुर्नसंरचना आयोगले दिएको सिफारिस समेतको गम्भीर उल्लंघन गर्दै आदिवासीहरुलाई फुटाउने, थातथलोबाट विस्थापन गर्ने गरी स्थानीय निकाय पुनर्संरचना आयोगले कामकारबाही गर्दैछ भन्ने छापामा आएका समचार तथा पीडित आदिवासी समुदायका गुनासाहरुबाट उक्त कुरा यस महासंघको जानकारीमा आएको छ । आयोगले वेलैमा आदिवासीहरुको सहकार्य र अर्थपुर्ण परमर्श कायम गरी स्थानीय निकायको संरचना गर्दा हामी ३८ प्रतिशत आदिवासीको चाहना तथा मुद्दा सम्बोधन गर्न निम्न विषय अनिवार्य शर्तकोरुपमा लिइयोस् भनी आयोगको ध्यान आकर्षण गर्दछौं ।

(१) स्थानीय निकायको सिमा र खाका बनाउँदा पुर्ख्यौली थातथलोमा बस्ने आदिवासी जनजातिको ऐतिहासिक मौलिक धरातलको आधारमा पुनसंरचना गर्नु पर्ने र आदिवासी जनजातिहरुको सक्रिय सहभागिता र परामर्श कायम गरी अग्रिम सुसूचित स्वतन्त्र मञ्जूरी लिने गरियोस् ।

# नेपाल आदिवासी जनजाति महासंघ

संघीय परिषद् सचिवालय

**Nepal Federation of Indigenous Nationalities (NEFIN)**

**Secretariat of Federal Council**

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: nefen@wlink.com.np
info@nefin.org.np
Website: www.nefin.org.np


(२) पुर्ख्यौली थातथलोमा रहेका आदिवासीहरुको बसोबासको सघनतालाई फुटाई (Gerrymandering ) एकल जातीय बर्चश्व कायम गराउने प्रकारको स्थानीय निकायको खाका कोर्ने कार्य अविलम्ब बन्द गरियोस् ।

(३) आयोगले हालसम्म गरेका कामकारबाहीको पुर्ण जानकारी महासंघलाई उपलब्ध गराएर मात्र सम्बन्धित निकायमा बुझाउने गरियोस् ।

(४) आदिवासी जनजातिको थातथलोमा रहेको बसोबासको सघनताको आधारमा स्थानीय निकायको खाका बनाउनुपर्ने ।

(५) आदिवासी जनजातिहरुको ऐतिहासिक बिरासतको आधारमा स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र सुनिश्चित गरियोस् ।

(६) गाँउ पालिका र नगरपालिको सिमाङ्कन र नामाङ्कन आदिवासी जनजातिहरुको मौलिक भाषा, संस्कृति, ऐतिहासिक पृष्ठभुमि र सामाजिक मुल्य मान्यताको आधारमा गरियोस् ।

(७) सिङ्गो राज्यको पुनसंरचना ऐतिहासिक पहिचान र सामार्थ्यको आधारमा निर्धारण गर्नु पर्ने भएकोले स्थानीय निकायको पुनसंरचना समेत यही आधारमा गरियोस् ।

जगत बहादुर बराम

अध्यक्ष